| परिच्छेद तथा दफा | हालको विधानमा भएको दफा | प्रस्तावित दफा | कारण |
| --- | --- | --- | --- |
| परिच्छेद १ दफा २(क) | "ऐन" भन्नाले खेलकुद विकास ऐन, २०४८ सम्झनुपर्छ | "ऐन" भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ सम्झनुपर्छ। | नया ऐन जारी भएकोले |
| परिच्छेद १ दफा २(ज) | "परिषद" भन्नाले खेलकुद विकास ऐन, २०४८ बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषदलाई सम्झनुपर्छ | "परिषद" भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषदलाई सम्झनुपर्छ | नयाँ ऐन जारी भएकोले |
| परिच्छेद १ दफा २(ण) | "सदस्य" भन्नाले कार्यकारी समितिका सदस्य तथा यस शब्दले पदाधिकारीलाई समेत जनाउँनेछ | "सदस्य" भन्नाले कार्यकारी समितिका सदस्यलाई जनाउँनेछ | पदाधिकारीको छुट्टै परिभाषा भएको हुनाले |
| परिच्छेद १ दफा २(फ) | "नियम" भन्नाले खेलकुद विकास नियमावली, २०४९ लाई सम्झनुपर्छ। | "नियम" भन्नाले राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ लाई सम्झनुपर्छ | नया नियमावली जारी भएकोले |
| परिच्छेद ३ दफा ३(२) | संघको केन्द्रिय कार्य समिति देहायबमोजिमका १७ सदस्यहरु रहने गरी गठन गरिएको छ। | संघको केन्द्रीय कार्य समिति देहायबमोजिम चार (४) जना पदाधिकारीहरु र पन्ध्र (१५) सदस्यहरु र दुई (२) जना मनोनीत सदस्यहरु सहित कुल १९(उन्नाईस) सदस्य केन्द्रीय कार्य समिति गठन गरिएको छ। | पदाधिकारी तथा सदस्यमा स्पष्टता नभएको हुनाले स्पष्ट गराएको। |
| परिच्छेद ३ दफा ३(४) | राष्ट्रिय खेलकुद परिषदले आफ्नो दुई (२) जना प्रतिनिधिलाई पदेन सदस्यको रुपमा मनोनित गर्नेछ। राष्ट्रिय खेलकुद परिषदले मनोनित गरेका प्रतिनिधिहरुलाई केन्द्रिय कार्य समिति तथा केन्द्रिय साधारण सभाको बैठकमा मतदान | केन्द्रीय कार्य समितिले दुई (२) जना सदस्यहरु मनोनीत गर्नुपर्नेछ जसमा (१) जना सदस्य अध्यक्षले मनोनीत | हाल खेलकुद विकास ऐन, २०७७ मा प्रतिनिधिहरु पठाउने व्यवस्था नभएको हुनाले खारेज गर्न |

| | | | |
|---|---|---|---|
| | गर्ने वा निर्वाचनमा सहभागी हुने अधिकार हुने छैन । राष्ट्रिय खेलकुद परिषदले मनोनित गरेको आफ्नो प्रतिनिधिहरुलाई फिर्ता बोलाउन र अर्को नयाँ प्रतिनिधि मनोनित गर्ने अधिकार रहनेछ । | गर्नेछन तथा बाँकी एक (१) जना सदस्य अध्यक्षको प्रस्तावमा केन्द्रीय कार्य समितिले मनोनीत गर्नेछ । | प्रस्ताव गरिन्छ । |
| परिच्छेद ३ दफा ३(७) | केन्द्रीय कार्य समितिका सदस्यहरुको कार्यकाल चार (४) वर्षको हुनेछ र सदस्यहरु अर्को थप एक (१) पदावधिका लागी पुनः सोही पदमा नियुक्त हुन सक्नेछ । | केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यकाल चार (४) वर्षको हुनेछ र पदाधिकारीहरुले अर्को थप एक पदावधिका लागी पुनः सोही पदमा नियुक्त हुन सक्नेछ । | पदाधिकारी तथा सदस्यमा स्पष्टता नभएको हुनाले स्पष्ट गराएको । |
| परिच्छेद ३ दफा ८(५) | प्रादेशिक क्रिकेट सघंमा निम्न बमोजिम जम्मा तेह (१३) जना सदस्यहरु रहने गरि प्रादेशिक कार्यकारी समिति गठन गरिनेछ । | प्रदेश क्रिकेट संघमा निम्न बमोजिम चार (४) जना पदाधिकारी सहित कम्तिमा नौ (९) बढीमा पन्ध्र (१५) जना सदस्यहरु रहने गरि प्रादेशिक कार्यकारी समिति गठन गरिनेछ । | प्रदेशको बनोट तथा जिल्ला अनुसार आवश्यकता अनुसार कम बढि गर्न सकिने । |
| परिच्छेद ३ दफा ८(७) | प्रादेशिक कार्य समितिका सदस्यहरुको कार्यकाल चार (४) वर्षको हुनेछ र सदस्यहरु अर्को थप एक पदावधिका लागि पूनः सोही पदमा नियुक्त हुन सक्नेछन । | प्रादेशिक कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यकाल चार (४) वर्षको हुनेछ र पदाधिकारीहरुले अर्को थप एक पदावधिका लागी पुनः सोही पदमा नियुक्त हुन सक्नेछ । | पदाधिकारी तथा सदस्यमा स्पष्टता नभएको हुनाले स्पष्ट गराएको । |
| परिच्छेद ३ दफा ८(८) | प्रादेशिक कार्य समितिको सदस्यहरु मध्ये कम्तीमा एकजना महिला हुनुपर्नेछ । | प्रादेशिक कार्य समितिको सदस्यहरु मध्ये प्राथामिकताका आधारमा एक जना महिला सदस्य हुन | महिलाहरुको प्रादेशिक क्रिकेट संघमा सहभागिता कम भएको कारणले । |

| | | | |
|---|---|---|---|
| | | सक्नेछ। | |
| परिच्छेद ४ दफा ९(६) | प्रत्येक जिल्ला क्रिकेट संघमा निम्न बमोजिम जम्मा पन्ध्र (१५) जना सदस्यहरु रहने गरि जिल्ला कार्यकारी समिति गठन गरिनेछ। | जिल्ला क्रिकेट संघमा निम्न बमोजिम चार (४) जना पदाधिकारी सहित कम्तिमा नौ (९) बढीमा पन्ध्र (१५) जना सदस्यहरु रहने गरि जिल्ला कार्यकारी समिति गठन गरिनेछ। | जिल्लाको बनोट तथा जिल्लाको आवश्यकता अनुसार कम बढि गर्न सकिने। |
| परिच्छेद ४ दफा ९(८) | जिल्ला कार्य समितिको सदस्यहरुमध्ये कम्तिमा एक जना महिला हुनु पर्नेछ। | जिल्ला कार्य समितिको सदस्यहरु मध्ये प्राथामिकताका आधारमा एक जना महिला सदस्य हुन सक्नेछ। | महिलाहरुको जिल्ला क्रिकेट संघमा सहभागिता कम भएको कारणले। |
| परिच्छेद ४ दफा ९(९) | जिल्ला कार्य समितिका सदस्यहरुको कार्यकाल चार (४) वर्षको हुनेछ र सदस्य अर्को थप एक पदावधिका लागि पूनः सोहि पदमा नियुक्त हुन सक्नेछ। | जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यकाल चार (४) वर्षको हुनेछ। | पदाधिकारी तथा सदस्यमा स्पष्टता नभएको हुनाले स्पष्ट गराएको। |
| परिच्छेद ५ दफा ११ | केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकारः | केन्द्रिय साधारण सभाको काम, कर्तव्य र अधिकारः | केन्द्रिय साधारण सभा हुनु पर्नेमा केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार हुन गई त्रुटी भएकोले सच्याईएको। |
| परिच्छेद ९ दफा २३ (३)(क) | नेपाल क्रिकेट संघ वा राष्ट्रिय खेलकुद परिषदले आयोजना गरेको राष्ट्रिय स्तरको सिनियर क्रिकेट प्रतियोगितामा कम्तीमा तीन (३) वटा प्रतियोगिता खेलेको खेलाडी –महिला र पुरुष)। उक्त तीन (३) वटा खेल एक (१) वर्ष भित्रको नभै फरक फरक वर्षमा खेलिएको हुनु पर्नेछ। जुन जिल्ला बाट प्रतियोगिता खेलेको हो सोहि जिल्लाबाट सदस्यता लिनु पनेछ। यस उपधारा बमोजिम सदस्यता प्राप्त गर्ने खेलाडीले कार्य | नेपाल क्रिकेट संघ वा राष्ट्रिय खेलकुद परिषदले आयोजना गरेको राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगितामा कम्तीमा तीन (३) वटा प्रतियोगिता खेलेको पुर्व खेलाडी –महिला र पुरुष) हुनुपर्नेछ। उक्त तीन (३) | विधानमा स्पष्टता नभएको हुनाले स्पष्टता गरिएको। |

| | | | |
|---|---|---|---|
| | समितिको निर्वाचन हुनु भन्दा अगावैको कम्तीमा दुई वर्षको अवधिमा भएका राष्ट्रिय टोलीमा सहभागी नभएको अवस्थामा मात्र कार्य समितिको पदाधिकारी वा सदस्यको रुपमा निर्वाचित हुन सक्नेछ । | वटा खेल एक (१) वर्ष भित्रको नभै फरक फरक वर्षमा खेलिएको हुनु पर्नेछ । यस उपधारा बमोजिम सदस्यता प्राप्त गर्ने पुर्व खेलाडीले कार्य समितिको निर्वाचन हुनुभन्दा दुई (२) वर्ष अगावै जिल्ला क्रिकेट संघ वा प्रादेशिक क्रिकेट संघ वा केन्द्रीय क्रिकेट संघमा खेलबाट सन्यास लिएको लिखित रुपमा जानकारी गराएको हुनुपर्नेछ । माथी उल्लेखित योग्यता पुरा गरेका पुर्व खेलाडीहरुले मात्र सदस्यता प्राप्त गर्नेछन । प्रथम पटक साधारण सभाद्वारा मान्यता प्राप्त जिल्लाको हकमा तदर्थ समितिका सदस्यहरुलाई साधारण सदस्यता प्रदान गरिनेछ । | |
| परिच्छेद ९ दफा २८(१) | पूर्व पदाधिकारी सदस्यलाई सुम्पिएको जिम्मेवारी अन्य पदाधिकारीलाई सुम्पिन सक्नेछ । तर अध्यक्षको पद रिक्त भएको अवस्थामा उपाध्यक्षले निजको जिम्मेवारी वहन गर्नेछ । | पूर्व पदाधिकारीलाई सुम्पिएको जिम्मेवारी अन्य केन्द्रीय कार्य समिति सदस्यलाई सुम्पिन सक्नेछ । तर अध्यक्षको पद रिक्त भएको अवस्थामा उपाध्यक्षले निजको जिम्मेवारी वहन गर्नेछ । | अन्य पदाधिकारीहरुलाई जिम्मेवारी सुम्पिन नमिल्ने भएको हुनाले केन्द्रीय कार्य समिति सदस्यलाई जिम्मेवारी वहन गर्न दिएको । |
| थप मान्यता प्राप्त जिल्लाहरुलाई अनुसुचीमा थप गरिनेछ । | | | |

यो प्रस्तावित संशोधन विधान केन्द्रीय कार्य समितिसँग समन्वय गरी सुर्खेतको साधारण सभाले मनोनीत गरेका विधान संशोधन समितिले पेश गरेको छ ।

**विधान संशोधन समितिः-**

१. श्री पदम बहादुर खड्का – संयोजक ।
२.श्री दुर्गाराज पाठक- सदस्य ।
३. श्री संजय गुरुङ्ग- सदस्य ।
४. श्री तेज भट्ट – सदस्य ।
५. श्री सुमनराज कार्की - सदस्य ।
६. श्री नारद नेपाल- सदस्य ।
७. श्री आयुष श्रेष्ठ- सदस्य ।